संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-३

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२३ बजे*

*बैठक स्थगित :१:४२ बजे*

२०८१ माघ २४ गते, बिहीवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल अध्यक्षतामा अपराह्न १:२३ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गोमा देवी तिमल्सिना**ले लामो समयदेखि आन्दोलनमा रहेका पशुपति क्षेत्र विकास कोषका कर्मचारीहरूको समस्या समाधानको निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जगत बहादुर पार्की**ले डडेल्धुरा जिल्लाको पर्शुराम नगरपालिका वडा नम्बर-५ परिगाउँमा भन्सार कार्यालय नहुँदा स्थानीयबासीहरूले सास्ती खेप्नुपरेको बताउँदै छोटी भन्सार कार्यालयको स्थापनाको माग गर्नुभयो।

**माननीय सदस्य तुल प्रसाद विश्वकर्मा**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारको बिच भएको अन्तरजातीय विवाहका कारण गृह प्रशासनबाट दमन भएको बताउनुभयो।

**माननीय सदस्य दुर्गा गुरुङ**ले कर्णाली प्रदेशमा खानेपानीको अभावका कारण स्थानीयबासीहरूले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नर बहादुर विष्ट**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारबिच भएको अन्तरजातीय विवाहका कारण गृह प्रशासनबाट हस्तक्षेप भएको बताउनुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्र**ले अछामको ढकारी गाउँपालिकामा १४ वर्षीय इशरा खड्का र १५ वर्षीय सरस्वती खड्काको हत्या भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो। पहाडी क्षेत्रमा सडक निर्माण गर्दा डोजरको प्रयोग गरे पहिरो निम्तिने बताउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारबिच भएको अन्तरजातीय विवाहका कारण दम्पतीमाथि गृह प्रशासनबाट हस्तक्षेप भएको बताउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह गरिमा**ले देशमा महिला हिंसाका घटनाहरू बढ्दो क्रममा रहेको बताउँदै माघ ११ गते अछामको ढकारी गाउँपालिकामा १४ वर्षीय इशरा खड्का र १५ वर्षीय सरस्वती खड्काको हत्या भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य युवराज शर्मा**ले बाँकेको खजुरा गाउँपालिकामा करोडौं लागतमा निर्मित जनक शिक्षा सामग्री केन्द्रको भवनमा छपाई उपकरणहरूको प्रभावकारी उपयोग गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे**ले असोज १२ गते आएको बाढीले इलाम बजार र पाँचथरको फिदिम बजारको खानेपानी आयोजना क्षतिग्रस्त भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सुरेश कुमार आलेमगर**ले ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकारका विषयमा उत्पन्न विवाद समयमा समाधान गरी मुक्कुम्लुङको संरक्षण गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य सोनाम गेल्जेन शेर्पा**ले सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्रमा रहेको सीमा प्रशासन कार्यालय नाम्चे बजार कर्मचारीबिहीन रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले **"पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउँदै माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई **“पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१”** सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **“राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१”** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईलाई **“राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१”** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभासमक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल माघ २७ गते आइतबार अपराह्न १ बजेर १५ मिनेट**मा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव